
# घरधुरी, पसल उद्योग व्यवसाय तथा संस्थागत क्षेत्रबाट निस्कने फोहरजन्य पदार्थ संकलन तथा व्यवस्थापन सहितको एकीकृत फोहर व्यवस्थापन कार्यक्रम सम्बन्धी कार्य विवरण

**Terms of Reference (TOR)**

**२०८१**




## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## मधेश प्रदेश, सर्लाही

## १. पृष्ठभूमिः

परापूर्व कालदेखि नै फोहरमैला मानव जीवनको रहन सहन र कृयाकलापसँगै उत्पन्न हुने नियमित र स्वभाविक प्रक्रियाको रुपमा रहि आएको छ । घरगृहस्थी, कल कारखाना, स्कुल कलेज, कार्यालय, पसल गाउँशहर आदि जहाँ सुकैबाट भए पनि केही न केही फोहरमैला निस्किने गर्दछ । त्यस्तै स्वास्थ्य सेवा दिने स-साना स्वास्थ्य संस्थादेखि ठूलठूला स्वास्थ्य संस्थासम्मबाट फोहर मैला निस्किने गर्दछ । फोहरमैलाको मात्रा र प्रकृतीलाई हेरी फोहर मैला व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । स्वास्थ्य सेवा दिने क्रममा निस्कने फोहर मैलाबाट त्यसको सम्पर्कमा आउने स्वास्थ्यकर्मी, बिरामीहरु, बिरामीका कुरुवा वा परिवारका सदस्यहरु र आम जनसमुदायलाई रोग सर्न सक्ने मात्र नभई यसले वातावरण प्रदूषित भै महामारी पनि फैलन सक्दछ । फोहरमैला भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको ठोस, तरल, ग्यास, लेदो धुवाँ, विकिरणयुक्त तत्व वा पदार्थ भन्ने बुझिन्छ । यस्ता पदार्थहरुको उचित व्यवस्थापन नहुँदा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पर्न जान्छ । नेपाल सरकारले सरसफाई गुरु योजना बनाई विभिन्न तहमा कार्यक्रमहरु संचालन गर्दै आएको छ । साथै फोहोर व्यवस्थापनका लागि तीनै तह सरकारको अहम् भूमिका रहने भएको र स्थानीय सरकारको फोहोर व्यवस्थापनका लागि अग्रसरता आवश्यक रहेकोले यस नगरपालिकाको फोहोर व्यवस्थापनका लागि कार्यक्रमहरु सञ्चालन गर्नु अत्यन्त जरुरी देखिन्छ । सरसफाईको हिसावले बजार क्षेत्रमा अन्य वडाका तुलनामा बढी फोहर उत्सर्जन भएको देखिएको छ । घर, पसल, उधोग तथा होटलबाट सबै प्रकारका फोहर एक स्थानमा फ्यालिएको अवस्था रहेको छैन ।

बरहथवा नगरपालिका सर्लाही जिल्लामा पर्दछ । यो नगरपालिका १०७.०५ वर्ग किलो मिटरमा फैलिएको छ । यस नगरपालिकाको वडा न. ५, ६ र ७ वडा बजार तथा जनघनत्व बढी भएका बडाहरु रहेका छन भने बाकीका वडा बजार उन्मुख रहेको छ । जनगणना २०७८ को आधारमा यस नगरपालिकाको परिवार संख्या १५,३४३ रहेको छ । जनसंख्या महिला ४०,२०५ र ४०,९१५ गरी कुल ८१,१२० जनसंख्या रहेको छ । जसमा बजार क्षेत्र ५, ६ र ७ मा मात्र ३,३९३ परिवार संख्या र जनसंख्या १८,४२१ रहेको छ । बजार क्षेत्रमा बजारमा दैनिक आउने जानेको संख्या ३ हजारमा भन्दा माथी रहेको छ । यस क्षेत्रमा हालको अवस्थामा करिव ३ टन फोहर दैनिक निस्काशन हुने गरेको पाईएको छ । फोहरलाई घर, पसल, होटल तथा उद्घोगबाट निस्कने फोहरलाई वर्गिकृत गरिने अवस्था नरहेको वर्तमान परिपेक्षमा यस कार्यक्रमको अवधारण ल्याइएको छ । फोहरमैला व्यवस्थापनको एकिकृत अवधारणा अनुसार **3R (Reduce, Reuse and Recycle Approach)**, अझ वस्तृत रुपमा भन्नुपर्दा **5R( Refuse, Reduce, Reuse, Repurpose and Recycle)** को अवधारणा अनुसार फोहरको मात्रा घटाउने, फोहरको वर्गिकरण गरी पुनप्रयोग, पुन चक्रिकरण प्रक्रियालाई व्यवसायीकरण गरी सेवाग्राहीमैत्री बनाउने तर्फ पहल गर्ने र फोहरजन्य पदार्थबाट सृजना हुने वातावरणीय दुष्प्रभाव कम गर्ने उद्देश्यले साझेदारी अवधारणा अनुसार ५ वर्षको कार्य गर्नको लागि यो कार्य शर्त तयार पारिएको छ ।

CamScanner

२. नगरपालिकाको सरसफाईको अवस्थाः-

१. बजार क्षेत्रमा रहेका पसल तथा घरपरिवारले फोहरलाई सडकमा फ्याकने र जलाउने गरेको पाइएको छ ।

२. सरकारले ल्याएको नीति अनुसार नभई ४० माईक्रोन भन्दा कमको प्लाष्टिक झोलाको प्रयोग भएको छ ।

३. घरको फोहरलाई सडकमा अब्यवस्थित तरिकाले मिल्काउने गरिएको छ ।

४. निमार्णका लागि बालुवा, गिटी, तथा अन्य सामाग्री सडकमा खसाउने र नाला जाम हुने गरेको छ ।

५. घरबाट निस्कने वा पसलबाट निस्कने फोहरलाई घरमै वा पसलमा नै व्यवस्थित गरी राख्ने प्रबृति नभएको ।

६. सडकमा, वन क्षेत्रमा होटेल तथा पसलका फोहरहरुलाई फ्याकिदिने अवस्था रहेको छ ।

७. पान पसल, किराना पसल तथा अन्य पसलहरुले गुटका, पान पराग तथा प्लाष्टिक जन्य टुक्रा जथाभावी फयाक्ने प्रबृति रहेको ।

८. नगरपालिकावासीमा सरसफाई सम्बन्धी जानकारी भए पनि घर सफा गर्ने तर त्यही फोहर सडकमा वा नजिकको खोला, खोल्सीमा फयाक्ने र बजारमा रहेका व्यवसायीहरुले नालामा हाल्ने परम्परा प्रचलन रहेको छ ।

९. वर्षेनी बजार क्षेत्रमा रहेको नालाहरु वर्षात् को समयमा उत्सर्जित फोहोरले गर्दा नालाहरु जाम हुने गरेको छ ।

३. कार्यक्रमको नामः

<u>श्रोतमै फोहर वर्गिकरण, संकलन, ढुवानी तथा व्यवस्थापन कार्य ।</u>

४. कार्यक्रम संचालनः १८ वटा वडाहरुमा फोहर संकलन तथा व्यवस्थापन अन्य वडाहरुमा जनचेतना तथा फोहर व्यवस्थापन (पहिलो बर्ष बजार क्षेत्र, दोस्रो बर्ष देखि सबै वडाहरुमा सेवाको पहुच)

५. कार्यक्रमले समेटिने लक्षित समुह तथा सख्याः नगरपालिकाको सबै वडामा ५ बर्ष भित्र सेवा विस्तार गर्नु पर्ने ।

६. कार्यक्रमको उद्देश्यः

१. लक्षित गरिएका सबै घरधुरीबाट फोहरको वर्गीकरण तथा फोहर ब्यवस्थापनको गर्ने ।

२. घरबाट निस्कने फोहरलाई संकलन तथा निश्चित स्थानमा सहि तरिकाले विसर्जन गर्ने ।

३. फोहर विर्सजन गर्ने स्थानमा फोहरलाई जैविक तथा अजैविक फोहरको पुनप्रयोग गर्ने ।

४. अन्तिम विसर्जन केन्द्र संचालन तथा व्यवस्थापन गर्ने ।

५. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन गर्ने ।

६. जनचेतना अभिबृद्धि गर्ने गराउने ।

७. कार्यक्रमको क्रियाकलाप तथा रणनीति,

७.१ समन्वय, तालिम, अध्ययन तथा बैठक

कार्यक्रमको प्रारम्भमा नगरपालिकाका सम्पूर्ण सदस्यहरुलाई एक दिने आधारभुत तालिम संचालन गर्नु पर्ने छ । नगरपालिका क्षेत्रमा रहेको सबै वडा तहमा फोहरको वर्गिकरण तथा फोहरको व्यवस्थापनका लागि समन्वय गरी फोहर संकलन विधिको बारेमा जानकारी गराउनु पर्ने छ । नगरपालिका क्षेत्रमा रहेका सबै पसल, घर, उधोग, संघ, संस्था, व्यापारी तथा सबै तह तक्ताका समुहमा फोहरको वर्गिकरण तथा फोहरको व्यवस्थापन बारेमा जानकारी गराउनु पर्ने छ ।

१. १८ वटा वडाहरुमा सरसफाई सम्वन्धी आधारभुत तालिम संचालन,
२. अर्ध बार्षिक रुपमा एक पटक बैठक बस्नु पर्ने,
३. जनघनत्व बढी भएको स्थानमा जनचेतना कार्य,
४. सबै स्वास्थ्य संस्थाहरुको फोहर ब्यवस्थापनको अवस्थाको प्रतिवेदन बनाउनु पर्ने छ ।
५. बार्षिक रुपमा नगरपालिकाको फोहरको अवस्थाको प्रतिवेदन बुझाउनु पर्ने ।

७.२ फोहर संकलन कार्य

१. घरधुरीले फोहरलाई वर्गिकरण गरि व्यवस्थित तरिकाले ब्यवस्थापन गराई कम्तीमा हप्ताको दुई पटकको दरले फोहर संकलन गर्नु पर्ने छ । आवश्यकता अनुसार दैनिक संकलन गर्नु पर्ने ।
२. फोहर संकलन गर्ने घरलाई सरसफाई कार्ड उपल्बध गराउनु पर्ने छ ।
३. नगरपालिका तहमा रहेका स्वास्थ्य संस्थाहरुको फोहर संकलन महिनामा एक पटक गर्नु पर्नेछ । साथै सबै स्वास्थ्य संस्थाहरुको फोहर ब्यवस्थापनको अवस्थाको प्रतिवेदन बनाउनु पर्नेछ । कार्ययोजना अनुसार स्वास्थ्य संस्थाको फोहर ब्यवस्थापन गर्नुपर्नेछ ।

७.३ फोहर निस्काशन तथा संकलन प्रणालीमा सुधारः

कार्ययोजनाः हाल अभ्यासमा रहेको श्रोत वर्गिकरण बारमा आधारित संकलन प्रणालीलाई ज़नस्तरबाट शुरुवात गरी घरदैलो फोहर संकलन सेवालाई परिमार्जन गरी टोलस्तरमा निश्चित समय र दिन तोकी घरको फोहर संकलनको व्यवस्था गर्नुपर्नेछ ।

७.४. सडक सफाई, बजार सफाई, फोहरजन्य वस्तुको ढुवानी प्रणालीमा सुधारः

मूख्य बजार क्षेत्र आसपासका क्षेत्रको सडक सफाईका लागि स्थानीय तहमा समन्वय गरी फोहर विर्सन स्थान छनौट गरी डस्टविन तथा पानीको बोतल विर्सजन केन्द्र राखु पर्ने छ । संकलित फोहर अन्तिम बिसर्जन केन्द्रसम्म ढुवानी र अन्तिम बिसर्जन गर्ने काम तथा सम्पूर्ण क्षेत्रको फोहरजन्य वस्तुको संकलन तथा ढुवानीको व्यवस्थापन कार्य गर्नु पर्ने छ । फोहर संकलनका लागि विहान ६ बजे देखि १२ बजे सम्म (आवश्यकता परेको बेला जुन सुकै बेला वा समन्वयको आधारमा)

७.५. अन्तिम विसर्जन केन्द्र संचालन तथा व्यवस्थापनमा सुधारः

संकलित फोहरलाई संकलन गरी नगरपालिकाले तोकेको स्थानमा विसर्जन केन्द्रसम्म लग्ने व्यवस्थित तरिकाले ढुवानी गर्नुपर्नेछ । उक्त स्थानमा संकलित गरीएको फोहरलाई वर्गिकरण गरी विक्री योग्यलाई विक्रि तथा नस्ट गर्ने फोहरलाई ब्यवस्थापन गर्नुपर्नेछ ।

CS CamScanner

अन्तिम विर्सजन केन्द्रमा केहि जनशक्तिहरु परिचालन गरी फोहरको सहि तरिकाले व्यवस्थापन गर्ने योजना रहेको छ । अन्तिम विसर्जन केन्द्र निर्माण तथा उक्त केन्द्रलाई आवश्यक पर्ने औजार, ईन्धन तथा साधनको व्यवस्था नगरपालिकाले गर्नेछ ।

**७.६ सेवाग्राही वर्गको चेतना तथा व्यवहार परिवर्तनका लागि क्षमता बिकास कार्यक्रम संचालनः**

नगरपालिका र यस संस्थाको सहकार्यमा सेवाग्राही वर्गसंग सम्बन्धित टोललाई नियमित सरसफाई, सफाईमा आधारित उद्यम बिकास जस्ता फोहर घटाउने विभिन्न विधिहरु वारेमा चेतना तथा क्षमता अभिवृद्धिसंग सम्बन्धित कार्यक्रमहरु नियमित रुपमा संचलन गर्नु पर्ने छ । उपरोक्त वाहेक सडक, पेटी, खोला, नाला, वन जंगल जस्ता सार्वजनिक स्थानमा जथाभावी फालिने फोहरको अनुगमन र निगरानी तथा नियन्त्रण गर्ने जिम्मेवारी नगरपालिका तथा वडा समितिको कार्यालयको हुनेछ । यसका अतिरिक्त देहाय बमोजिमको काम यस संस्थाले गर्नु पर्ने छः

१. सेवा सर्वसुलभ बनाउन सम्पर्क कार्यालयलाई व्यवस्थित बनाउने तथा आवश्कताको आधारमा सहजकर्ता उपलव्ध गराउनु पर्ने,
२. फोहर व्यवस्थापन सम्बन्धी जनचेतना जगाउन फोहर संकलनमा प्रयोग हुने टयाक्टर तथा टिपर जस्ता उपकरणहरुमा सूचनामूलक सन्देशहरु राखे,
३. कर्मचारीहरुलाई पनि सोही बमोजिमको पोशाक उपलव्ध गराउने,
४. मूख्य बजार क्षेत्रमा फोहर व्यवस्थापनका विधिहरु लेखिएको पर्चा वितरण, होर्डिङ्गबोर्ड राखेको लागि नपासंग समन्वय गर्ने
५. नपाले निमार्ण गरेको प्रचार सामाग्रीहरु संचार माध्यमबाट प्रचार प्रसार गर्ने,
६. एकिकृत र दिगो फोहरमैला व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी निकाय, बिभिन्न पेशागत तथा व्यवसायिक संघसंस्थाहरु तथा वडाहरुसंग सहकार्य गरी कार्यक्रमलाई प्रभावकारी बनाईने छ,
७. नगरपालिका क्षेत्र भित्र रहेका ठुला ठुला फ्यक्ट्रिसंग समन्वय गरी फोहर व्यवस्थापनका लागि पहल गरिने छ ।

८. सेवा शुल्क ।

कार्यपालिकाको निर्णय अनुसार सेवा शुल्क साझेदार संस्थाले उठाउन पाउने छ । तपशिल बमोजिमको शुल्क संकलन गर्न पाउने छ ।

तपशिलः-

१. बजार क्षेत्रको घरधुरीबाट मासिक रु १५०
२. किराना तथा सटर भएको पसलबाट रु १५०
३. पार्टि प्यालेसबाट रु ५००
४. सानो, मझौला र ठुलो होटेलबाट क्रमश १५०, २०० र २५०
५. मिल, फैकटीबाट मासिक रु ६०० देखि १००० सम्म

६. संघ, संस्था कार्यालयबाट रु २००
७. अस्पताल वा क्लिनीक रु ४०० देखि ८०० सम्म
८. बजार क्षेत्र बाहेकको घरधुरीबाट रु ७५ मात्र

उठाएको सेवा शुल्कलाई लगत तयार गर्नु पर्ने छ र अर्धवार्षिक रुपमा नगरपालिकालाई बुझाउनु पर्ने छ ।

८. अनुगमनः

सरसफाई कार्य प्रस्तावित अनुसार कार्यान्वयनको अवस्था हेर्नको लागि तालिकाको आधारमा नियमित यस संस्थाले अनुगमन गर्ने र साथै उक्त कार्यको लागि नियमित रुपमा नगरपालिकाले तोकेको व्यक्तिबाट अनुगमन गराईने छ ।

९. कार्ययोजना तथा लक्ष्यः

१. प्रचलित फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० तथा वातावरणमैत्री स्थानीय शासन प्रारुप बमोजिम कार्ययोजना पेश गर्नु पर्ने छ । तपशिलका क्रियाकलाप समावेश गरी योजना पेश गर्नु पर्ने छ ।

क) कम्तीमा सबै वडा स्तरमा आधारभुत तालिम
ख) नगरपालिकाको हालको सरसफाईको अवस्थाको प्रतिवेदन (अध्ययन)
ग) नगरपालिका तहमा रहेको सबै स्वास्थ्य संस्थाहरुको सरसफाईको अवस्थाको प्रतिवेदन
घ) फोहर संकलन र ढुवानीको कार्य योजना ।

१०. नगरपालिकाको तर्फबाट गर्नुपर्ने नीतिगत व्यवस्था तथा अन्य सहयोगः

१. अन्तिम विसर्जन केन्द्र तथा पुन बर्गिकरण नमुना क्षेत्र निर्माण तथा निर्धारण गर्ने तथा सो स्थान सम्मको पहुच मार्गको व्यवस्था ।
२. फोहर व्यवस्थापन सम्वन्धी कार्य विवरण सहितको सम्पर्क व्यक्ति तोक्ने छ ।
३. सेवा प्रवाह प्रणालीमा आवद्ध गर्न नगरवासीहरुलाई कुनै सेवा प्रदान गर्दा वडा कार्यालय देखि नै सफाईकार्डको प्रतिलिपि पेश गर्नु पर्ने नीतिगत व्यवस्था ।
४. साझेदार संस्थालाई आवश्यकताको आधारमा क्षमता विकास तालीम अनुभव आदान प्रदान, अवलोकन भ्रमण लगायतको अवसर ।
५. मासिक शुल्क वा रकम उपलब्ध गराउने ।
६. फोहर व्यवस्थापनकालागि फोहर विर्सजन केन्द्रको व्यवस्था गर्ने ।
७. विसर्जन केन्द्रका लागि आवश्यक पर्ने औजार, ईन्धन तथा अन्य सामान उपलबध गराउने ।
८. नियमित अनुगमन गर्ने ।
९. नगरपालिकाले शुल्क निर्धारण गर्ने ।

CamScanner

१०. नगरपालिकाले कार्यपालिकाको बैठकबाट बर्गिकृत फोहर संकलन तथा व्यवस्थाको निर्णय गर्ने ।

११. फोहर संकलनका लागि आवश्यक पर्ने साधान २ थान उपल्बध गराउने ।

**११. कार्यक्रमको लागि परिचालन गरीने जनशक्तिः-**

यस कार्यक्रमलाई प्रभाकारी तरिकाले संचालन गर्नका लागि तपशिल बमोजिमका ८ जना जनशक्तिहरु परिचालन गर्नु पर्ने छ । परिचालन गर्ने कर्मचारीहरुमा सहजकर्ता तथा शुल्क संकलन १, सुपरभाईजर १, चालक २, सहायक चालक २, सरसफाई कर्मचारी तथा फोहर व्यवस्थापन गर्ने कर्मचारीहरु ४ परिचालन गर्नु पर्नेछ ।

**१२. साझेदार संस्थाको जिम्मेवारी**

१. वडा तथा वस्तीतहमा जनचेतना कार्यक्रम,
२. फोहर संकलन कार्य,
३. फोहर व्यवस्थापन कार्य,
४. फोहर व्यवस्थापनका लागि जनशक्ति व्यवस्थापन तथा परिचालन,
५. फोहर व्यवस्थापनका लागि आवश्यक पर्ने सवारी सधान तथा औजारको व्यवस्थापन,
६. कर्मचारीहरुको विमा, पोशाक तथा अन्य सुविधा,
७. नगरपालिकाले निर्णय अनुसार परिवार, पसलबाट शुल्क संकलन तथा व्यवस्थापन,
८. चौमासिक तथा बार्षिक रुपमा नगरपालिकामा प्रतिवेदन प्रस्तुतिकरण,
९. अन्य साझेदार संस्थाको खोजी कार्य ।

**१३. लागत तथा जनसहभागीता**

यस कार्यक्रमको लागि ५ वर्षको लागत अधिकतम तपशिल बमोजिमको हुनेछ तथा सेवाग्राहीबाट संकलित रकमको प्रयोग तथा सेवा शुल्क कतिसम्म उठाउन सकिन्छ सोको विस्तृत विवरण पेश गर्नु पर्ने साथै संकलित रकमको उपयोगितको बारेमा पनि प्रस्ट उल्लेख गर्नु पर्ने छ । बार्षिक रुपमा नपासंग माग गरीएको अनुदान रकम र सेवा शुल्कबाट बार्षिक उठाउन सक्ने रकमको प्रक्षेपण गरी बार्षिक आयको अनुमान र व्ययको अनुमान पेश गर्नु पर्ने छ । साथै मासिक नपासंग माग गरिएको अनुदान रकम अंक र अक्षरमा प्रष्ट लेखु पर्ने छ । आर्थिक प्रस्तावनामा बार्षिक नपाले दिने अनुदानलाई प्रतिशतको आधारमा कम गर्दै जाने हुनुपर्छ ।

<u>लागत अनुमानको ढाँचा</u>

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन | | | | |
| १.१ | सरसफाई सुपरभाइजर | | | | |
| १.२ | सरसफाइ शुल्क संकलक | | | | |
| १.३ | सरसफाइ कर्मचारी | | | | |

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १.४ | सहचालक | | | | |
| १.५ | चालक | | | | |
| २ | ईन्धन | | | | |
| ३ | सरसफाई सामाग्री | | | | |
| ४ | सरसफाई औजार | | | | |
| ५ | सवारी साधनको मर्मत सम्भार | | | | |
| ६ | जनचेतना कार्यक्रम | | | | |
| ७ | समिक्षा कार्यक्रम | | | | |
| ८ | आधारभुत तालिम कार्यक्रम | | | | |
| ९ | विमा | | | | |
| १० | विविध | | | | |
| | जम्मा | | | | |
| | व्यवस्थापन खर्च ६ प्रतिशत | | | | |
| | कुल जम्मा | | | | |
| | भ्याट १३ प्रतिशत | | | | |
| | कुल जम्मा | | | | |

अक्षेरुपी:-

१४. बुझाउनु पर्ने कागजात

1. संस्थाको परिचयात्मक विवरण कार्य
2. संस्थाको संस्थागत जनशक्ति, मेशिनरी साधन उपकरण तथा अन्य तथा प्राविधिक तथा आर्थिक प्रस्तावना छुटा छुट्टै पेश गर्नु पर्ने छ ।
3. प्रस्तावना र कार्ययोजना ।
4. नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता र नवीकरण, पानको दर्ता प्रमाणपत्र, प्रचलित कानून बमोझिम स्वा संचालनको लागि अनुमति लिनु पर्ने भए सोको अनुमति पत्र र आ.व. २०७९/८० सम्मको कर चुक्ता प्रमाणपत्र जस्ता कागजातहरुको प्रमाणित प्रतिलिपि ।

१५. मूल्यांकन विधि

1. प्राविधिक प्रस्तावनामा ८० अंक
2. आर्थिकमा प्रस्तावनामा २० अंक